९८४४०६०१११

# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा

प.स :- योजना २०७५।०७६ मिति :-२०७६।२।२१
च.न :- १०८४

विषय :- वित्तीय समानीकरण अनुदान थप गरी संशोधन गरी दिने सम्वन्धमा ।

**श्रीमान् सचिव ज्यू**
**अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।**

उपरोक्त सम्वन्धमा नेपाल सरकार, अर्थ मन्त्रालयको वेवसाईटमा मिति २०७६ जेष्ठ २० मा प्रकाशित आर्थिक वर्ष २०७५/०७६ को वित्तीय हस्तान्तरण सम्वन्धमा प्रकाशित समाचार बारे जानकारी प्राप्त भयो। प्रकाशित वित्तीय हस्तान्तरण पुस्तिका अनुसार यस मिथिला नगरपालिकाको आर्थिक वर्ष २०७६२०७७ को लागि वित्तीय समानीकरण अनुदान तर्फ **११ करोड ३६ लाख** र सशर्त अनुदान तर्फ १७ करोड २४ समेत जम्मा २८ करोड ६० लाख अनुदान विनियोजन भएको उल्लेख छ।

प्रकाशित पुस्तिकमा उल्लेखित अनुदान बजेट चालु आ.व. २०७५।०७६ को लागि विनियोजित वित्तीय समानीकरण अनुदान तर्फ १३ करोड ६७ लाख भन्दा पनि कम र तहाँको प.सं. ०७५।७६ च.नं. १८३ मिति २०७५।१२।१४ को पत्र यस कार्यालयको लागि वित्तीय समानीकरण तर्फ १४ करोड ३७ लाख र राजस्व बाँडफाँड तर्फ ११ करोड १४ लाखको अनुमानित स्रोत विवरण (पत्रहरु संलग्न छ)उल्लेखित रकम भन्दा पनि कम उल्लेख छ। यो बजेट चालु आ.व. को बजेट र अनुमानित बजेट भन्दा बढि हुनुको स्ट्ठ घटेको उल्लेख छ। यसमा स्थानीय तहलाई दिईने वित्तीय हस्तान्तरणको सुत्र अनुसार नभएको र यस नगरपालिका भन्दा पनि कम क्षेत्रफल र जनसंख्या भएका यसै जिल्लाका अन्य नगरपलिकालाई विनियोजन भएको रकम भन्दा पनि कम रकम विनियोजन भएको हुदा यस नगरपालिकाले प्राप्त गर्नु पर्ने वित्तीय समानीकरण अनुदान रकममा थप गरी संशोधन हुन अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत नगर प्रमुख

बोधार्थ:
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री नगर प्रमुखज्यूको कार्यकक्ष
श्री उप-प्रमुखज्यूको कार्यकक्ष
श्री सवै वडा कार्यालयहरु(१-११)
श्री कार्यपालिका सदस्यज्यहरु(३)
श्री आर्थिक प्रशासन शाखा
श्री प्राविधिक शाखा
श्री सूचना प्रविधि शाखा : वेवसाईट/फेसबुकेश्रेजमा अपलोड गर्नु हुन ।
मिथिला नगरपालिका ।